प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

## शैक्षिक शत्र २०८२/०८३ को लागि स्वास्थ्य तर्फ थप शिक्षण संस्थाका कार्यक्रमहरुमा पूर्ण शूल्कीय कोटाहरुमा Cut off बाट भर्ना गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना !

(सूचना प्रकाशित मिति २०८२।०५।१९ गते)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् पोलिटेक्निक महाशाखाको च.नं ४५३, ५७४ क्रमश: मिति २०८२।०५।०४ गते र मिति २०८२।०५।१३ गतेको पत्रानुसार शैक्षिक शत्र २०८२/०८३ मा संचालन गरिने **डिप्लोमा/प्रमाणपत्र तहको स्वास्थ्य तर्फका डिप्लोमा इन फार्मेसी, सामान्य चिकित्सा, सामान्य चिकित्सा (आयुर्वेद) र अफ्थाल्मिक साइन्स कार्यक्रमहरुमा** मिति २०८२।०४।०५ गते प्रकाशित सूचना अनुसार अनलाइन आवेदन फाराम भरी पूर्ण शुल्कीय तर्फको भर्ना प्रक्रिया, योग्यताक्रम सिफारिशमा सहभागी भई भर्ना सम्वन्धी निर्देशिका, २०८२ बमोजिम परिषद्, प्रदेश कार्यालयहरुबाट प्रकाशित भएको नतिजामा उत्तीर्ण सूची/Cut off मा रहेका देशभरीका इच्छुक आवेदकहरुबाट मिति २०८२।०५।२५ गते कार्यालय समय भित्र निवेदन पेश गर्नु हुन सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

यस कार्यालयद्वारा मिति २०८२।०४।०५ गते प्रकाशित सूचनामा उल्लेखित सम्पुर्ण शर्तहरु लागू हुनेछ र "प्रि-डिप्लोमा र डिप्लोमा तथा प्रमाणपत्र तहमा प्रशिक्षार्थी छनौट, छात्रवृत्ति वितरण तथा भर्ना सम्बन्धी निर्देशिका, २०८२ बमोजिम तोकिएका कोटा अनुसार आवेदकहरु छनौट गरिने व्यहोरा समेत जानकारी गराइन्छ।

### डिप्लोमा/प्रमाणपत्र तहको थप भएका शिक्षण संस्था, कार्यक्रम र कोटाहरुको विवरण :

| क्र.सं | शिक्षण संस्थाको नाम, ठेगाना | स्वीकृत कार्यक्रम | स्वीकृत कोटा | प्रदेश |
|---|---|---|---|---|
| १. | कालिका बहुप्राविधिक शिक्षालय, हरिपुर्वा, सर्लाही | डिप्लोमा इन फार्मेसी<br>प्रमाणपत्र तह सामान्य चिकित्सा | ४०<br>४० | मधेश |
| २. | बालाजु स्कूल अफ इन्जिनियरिङ्ग एण्ड टेक्नोलोजी, बालाजु, काठमाण्डौ | प्रमाणपत्र तह अफ्थाल्मिक साइन्स | ४० | बागमती |
| ३. | गण्डकी पोलिटेक्निक इन्स्टिच्यूट, पोखरा, कास्की | डिप्लोमा इन फार्मेसी<br>प्रमाणपत्र तह सामान्य चिकित्सा | ४०<br>४० | गण्डकी |
| ४. | आम्दा इन्स्टिच्यूट अफ हेल्थ साइन्स, बुटवल, रुपन्देही | डिप्लोमा इन फार्मेसी<br>प्रमाणपत्र तह सामान्य चिकित्सा | ४०<br>४० | लुम्बिनी |
| ५. | तुलसीपुर बहुप्राविधिक शिक्षालय, तुलसीपुर, दाङ्ग | डिप्लोमा इन फार्मेसी | ४० | लुम्बिनी |
| ६. | योगी नरहरीनाथ अध्ययन तथा अनुसन्धान प्रतिष्ठान, सुर्खेत | डिप्लोमा इन फार्मेसी<br>प्रमाणपत्र तह सामान्य चिकित्सा<br>प्रमाणपत्र तह सामान्य चिकित्सा (आयुर्वेद) | ४०<br>४०<br>४० | कर्णाली |

**कोटा निर्धारण सम्वन्धी विवरण :**

| क्र.सं | सिट संख्या/कार्यक्रम | छात्रवृत्ति कोटाहरु | | पुर्ण शुल्कीय कोटाहरु | | | |
|---|---|---|---|---|---|---|---|
| | | बर्गीकृत (नि:शुल्क) छात्रवृत्ति कोटा | जेहेन्दार छात्रवृत्ति कोटा | पुर्ण शुल्कीय लक्षित बर्ग कोटा | प्रि-डिप्लोमा कोटा | कर्मचारी कोटा | पुर्ण शुल्कीय खुला कोटा |
| १. | ४० कोटा (सामान्य चिकित्सा) | ३ | १ | ४ | ४ | १ | २७ |
| २. | ४० कोटा (फार्मेसी) | ३ | १ | ४ | ४ | १ | २७ |
| ३. | ४० कोटा (अफ्थाल्मिक साइन्स) | ३ | १ | ४ | - | १ | ३१ |
| ४. | ४० कोटा (सामान्य चिकित्सा आयुर्वेद) | ३ | १ | ४ | ४ | १ | २७ |

**शर्तहरु :**

१. उत्तीर्ण सूचीमा रहेका आवेदकहरुको निवेदन दर्ता भएका कार्यालयहरुबाट संकलन गरी मुख्य नतिजामा Verify गरी मुख्य उम्मेदवारको रुपमा सिफारिश नभएका Cut off/उत्तीर्ण सूचीमा रहेका आवेदकहरुलाई मात्र समावेश गरी परिषद्, प्रदेश कार्यालयमा रहने IT शाखाको संलग्नतामा ३ सदस्यीय कार्यटोलीले भर्ना सम्वन्धी निर्देशिकाको दफा १६ र १७ बमोजिम योग्यताक्रम सिफारिश तथा नतिजा प्रकाशन गर्नेछ।

२. योग्यताक्रम सूची एवं नतिजा प्रकाशन भएको १० दिन भित्रमा आवेदकहरु भर्ना भैसक्नुपर्नेछ। सो गर्दा समेत सिट रिक्त रहेमा परिषद्, प्रदेश कार्यालयलाई रिक्त रहेको कोटाको जानकारी गराउनु पर्नेछ।

३. उत्तीर्ण सूचीमा रहेका आवेदकहरुले सम्वन्धित शिक्षण संस्था तथा तोकिएका सम्वन्धित प्रदेश कार्यालयहरुमा Application Acceptance Card को प्रतिलिपी र www.ctevtexam.org.np मा राखिएको नतिजा सिट संलग्न राखी निवेदन दर्ता गराउनु पर्नेछ।

४. सम्वन्धित शिक्षण संस्था/कार्यालयमा निवेदन पेश गर्दा कुनै शुल्क लाग्ने छैन। आवेदकको निवेदन शिक्षण संस्था/कार्यालयको मूल दर्ता किताबमा दर्ता गर्नुपर्नेछ। तोकिएको समयमा निवेदन दर्ता नभएका परीक्षार्थीहरुको निवेदन उपर कुनै कार्यवाही हुने छैन।

५. म्याद सकिएको भोलिपल्ट सम्वन्धित परिषद्, प्रदेश कार्यालयमा शिक्षण संस्थाहरुले दर्ता गरिएका निवेदनहरु, आफ्नो मुलदर्ता किताबको प्रतिलिपी र विवरण सहित बुझाउनु पर्नेछ। सो निवेदनहरु मध्येबाट सम्वन्धित परिषद्, प्रदेश कार्यालयले भर्नाका लागि कोटा सहितको योग्यताक्रम सिफारिश गर्नेछ।

६. यस कार्यालयबाट मिति २०८२।०४।०५ गते प्रकाशित सूचना अनुसार अनलाइन आवेदन फाराम भरेका आवेदकहरुमध्ये प्रदेश कार्यालयबाट प्रकाशित नतिजामा पुर्ण शुल्कीय तर्फको उत्तीर्ण सूचीमा रही निवेदन पेश गर्ने आवेदकहरु मध्येबाट योग्यताक्रमानुसार उच्चतम अंक प्राप्त गरेको आवेदक बिद्यार्थीलाई जेहेन्दार कोटामा सिफारिश गर्नुपर्नेछ।

७. शिक्षण संस्थाले प्रदेश कार्यालयबाट प्रकाशित योग्यताक्रम सूची तथा नतिजा बमोजिमका निवेदकहरुलाई भर्ना सम्वन्धी निर्देशिकाको दफा १८ र १९ बमोजिमका प्रक्रियाहरु पुरा गरी भर्ना गर्नुपर्नेछ।

**८. बर्गीकृत (निःशुल्क) छात्रवृत्ति कोटाको हकमा परिषद्को सम्वन्धित प्रदेश कार्यालयले शैक्षिक शत्र २०८२/०८३ का लागि मिति २०८२।०४।०५ गते प्रकाशित सूचना बमोजिम सम्वन्धित प्रदेश कार्यालयबाट प्रकाशित कार्यक्रमको उत्तीर्ण सूचीको उम्मेदवारहरु मध्येबाट योग्यताक्रमानुसार छनौट गरी मुख्य उम्मेदवारको रुपमा सिफारिश गरी पठाउनेछ।**

९. भर्ना सम्वन्धी निर्देशिकाले तोके बमोजिम छात्रवृत्ति प्रदान नगर्ने शिक्षण संस्थालाई आगामी शैक्षिक शत्रको सोही कार्यक्रमको छात्रवृत्तिमा दोव्वर संख्या जरीवाना हुनेछ।

१०. शिक्षण संस्थाले भर्ना गर्दा उम्मेद्वारको न्यूनतम शैक्षिक योग्यता, नागरिकता, बर्ग खुलेको प्रमाणहरुको सक्कल प्रति रुजु गर्ने जिम्मेवारी शिक्षण संस्थाको प्राचार्यको हुनेछ र Online मा Submit गरेको कागजात र भर्ना हुन जांदा पेश गरेका सक्कल कागजातहरु फरक परेमा भर्ना नगरी सम्वन्धित परिषद्, प्रदेश कार्यालयलाई सोको जानकारी गराउनुपर्नेछ।

११. Cut off बाट निवेदक भर्ना गर्ने प्रक्रियाका सम्वन्धमा सम्वन्धित प्रदेश कार्यालय, परीक्षा नियन्त्रण कार्यालय वा परिषद् कार्यालयबाट जुनसुकै समयमा निरीक्षण हुन सक्नेछ। भर्नाका सम्वन्धमा कुनै कैफियत भेटिएमा वा उजुरी निवेदन प्राप्त भएमा भर्ना सम्वन्धी निर्देशिकाको प्रावधान बमोजिमको जरीवाना हुने वा परिषद्को ऐन, नियम, बिनियम बमोजिम शिक्षण संस्थालाई कार्यवाही हुन सक्नेछ।

१२. इच्छुक आवेदकहरुले सम्वन्धित शिक्षण संस्था बाहेक देहायका शिक्षण संस्था/कार्यालयहरुमा समेत निवेदन दर्ता गर्न सक्नेछन :

| **निवेदन दर्ता गर्न सकिने शिक्षण संस्थाको नाम, ठेगाना** | **निवेदन दर्ता गर्न सकिने थप कार्यालयहरु :** |
|---|---|
| कालिका बहुप्राविधिक शिक्षालय, हरिपुर्वा, सर्लाही | • परिषद, मधेश प्रदेश कार्यालय, जनकपुरधाम, धनुषा |
| बालाजु स्कूल अफ इन्जिनियरिङ्ग एण्ड टेक्नोलोजी, बालाजु, काठमाण्डौ | • परिषद, बागमती प्रदेश कार्यालय, हेटौंडा, मकवानपुर |
| गण्डकी पोलिटेक्निक इन्स्टिच्यूट, पोखरा, कास्की | • परिषद, गण्डकी प्रदेश कार्यालय, हेटौंडा, मकवानपुर |
| आम्दा इन्स्टिच्यूट अफ हेल्थ साइन्स, बुटवल, रुपन्देही | • परिषद, लुम्बिनी प्रदेश कार्यालय, राप्ती उपत्यका(देउखुरी), दाङ्ग |
| तुलसीपुर बहुप्राविधिक शिक्षालय, तुलसीपुर, दाङ्ग | • परिषद, लुम्बिनी प्रदेश कार्यालय, राप्ती उपत्यका(देउखुरी), दाङ्ग |
| योगी नरहरीनाथ अध्ययन तथा अनुसन्धान प्रतिष्ठान, सुर्खेत | • परिषद, कर्णाली प्रदेश कार्यालय, वीरेन्द्रनगर, सुर्खेत |

**यो सूचना www.ctevtexam.org.np मा पनि हेर्न सकिनेछ।**

**परीक्षा नियन्त्रक**